स्थानीय राजपत्र

थाक्रे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, फाल्गुन ३०, २०८० साल सङ्ख्या ८

भाग १

**थाक्रे गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय महादेवबेसी, धादिङ**

**बागमती प्रदेश, नेपाल**

सम्वत २०८० को ऐन नं.४

# शिक्षा ऐन, २०८०

**प्रस्तावनाः** राष्ट्र र समाजको सर्वपक्षीय विकास र समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरणका लागि सर्वसाधारण जनताको सदाचार, सहिष्णुता, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गर्न तथा स्वस्थ, शिक्षित, सभ्य, सक्षम, सीपयुक्त, परिश्रमी, सिर्जनशील एवम् प्रतिस्पर्धी जनशक्ति तयार गर्नको लागि यस थाक्रे गाउँपालिकामा स्थापना हुने र स्थापना भई सञ्चालन भइरहेका विद्यालय तथा शिक्षण संस्थाहरुको उचित व्यवस्थापन गर्दै समय सान्दर्भिक, गुणस्तरीय, जीवनोपयोगी, वैज्ञानिक र सीपमूलक शिक्षा प्रदान गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा ५७ अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४" को परिच्छेद ३ को दफा १०२ बमोजिम बागमती प्रदेश अन्तर्गतको थाक्रे गाउँपालिका, गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम "थाक्रे गाउँपालिकाको शिक्षा ऐन २०८०" रहेको छ।

ख) यो ऐन धादिङ जिल्लाको थाक्रे गाउँपालिकाभर लागु हुनेछ।

ग) यो ऐन गाउँ सभाबाट पारित भई प्रमाणिकरण भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

क) **"विद्यालय शिक्षा"** भन्नाले प्रारम्भिक बाल विकासदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

ख) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल विकासदेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

ग) **"प्रारम्भिक बाल विकास"** भन्नाले चार वर्ष पुरा भई पाँच वर्ष पुरा नभएसम्मका बालबालिकाहरुलाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि दिइने एक वर्षे अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बाल विकास तथा शिक्षा सम्झनु पर्छ।

घ) **"शिशु स्याहार केन्द्र"** भन्नाले तीन वर्ष उमेर पुरा भएका बालबालिकाको स्याहार, पोषण, सिकाइ लगायत सर्वाङ्गीण विकासका लागि स्थापना र सञ्चालन भएको दफा १७ बमोजिमको शिशु स्याहार केन्द्र सम्झनु पर्छ।

ङ) **"प्रारम्भिक शिक्षा"** भन्नाले आधारभूत शिक्षा अन्तर्गतको कक्षा एक देखि कक्षा तीनसम्म दिइने शिक्षा सम्झनु पर्छ।

च) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

छ) "**विशेष शिक्षा**" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता वा कुनै पनि किसिमको अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ।

ज) **"समावेशी शिक्षा"** भन्नाले देहायको शिक्षा सम्झनु पर्छः

१) दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधिनमा रही दिइने शिक्षा,

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

झ) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा थाक्रे गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

ञ) **"संस्थागत विद्यालय"** भन्नाले निजी लगानीमा स्थापना गरिएका नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

ट) **"सामुदायिक गुठी विद्यालय"** भन्नाले व्यक्तिगत रुपमा मुनाफा वितरण गर्न नपाउने गरी सामुदायिक गुठी अन्तर्गत स्थापना वा सञ्चालन भएका कल्याणकारी विद्यालयलाई सम्झनु पर्छ।

ठ) **"परम्परागत विद्यालय"** भन्नाले धार्मिक विद्यालयको रूपमा अनुमति प्राप्त गुरूकुल, आश्रम, विहार, गोन्पा, मदरसा जस्ता विद्यालयलाई सम्झनु पर्छ।

ड) **"सहकारी विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम सहकारी संस्थाद्वारा सञ्चालन गर्न अनुमति प्राप्त विद्यालयलाई सम्झनु पर्छ।

ढ) **"आवासीय विद्यालय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ।

ण) **"सामुदायिक सिकाइ केन्द्र"** भन्नाले समुदायस्तरमा सञ्चालन गरिने साक्षरता, निरन्तर शिक्षा र सीप सिकाइ लगायतका क्रियाकलाप गर्ने उद्देश्यले थाक्रे गाउँपालिकाको अनुमतिमा सञ्चालित सामुदायिक सिकाइ केन्द्र सम्झनु पर्छ।

त) **"निःशुल्क शिक्षा"** भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असूल नगरी दिइने शिक्षालाई सम्झनु पर्छ।

थ) **"गाउँ कार्यपालिका"** भन्नाले धादिङ जिल्लाको थाक्रे गाउँ कार्यपालिका सम्झनु पर्छ।

द) **"गाउँ सभा"** भन्नाले थाक्रे गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

ध) **"अध्यक्ष"** भन्नाले थाक्रे गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ।

न) **"गाउँ शिक्षा अधिकारी"** भन्नाले थाक्रे गाउँपालिकाको शिक्षासम्बन्धी विषय हेर्ने प्रमुख कर्मचारीलाई सम्झनु पर्छ।

प) **"आयोग"** भन्नाले स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरूको स्थायी नियुक्त तथा बढुवाको सिफारिस गर्न सङ्घीय ऐनबमोजिम गठन भएको शिक्षक सेवा आयोग सम्झनु पर्छ।

फ) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्दछ। तर विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनमा अभिभावक भन्नाले विद्यार्थीका बुवा, आमा, बाजे, बज्यैलाई जनाउँछ।

ब) **"शिक्षक"** भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

भ) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय नेतृत्व गर्न जिम्मेवारी तोकिएको शिक्षक सम्झनु पर्छ।

म) **"विद्यालय कर्मचारी"** भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

य) **"बालग्राम"** भन्नाले गाउँपालिकाको आफ्नै लगानीमा वा गाउँपालिकाको स्वीकृति लिएर आमाबाबु गुमाएका, आर्थिक रुपले विपन्न, सीमान्तीकृत तथा लोपोन्मुख समुहका आवासीय सुविधा सहित प्रदान गर्ने गरी बालबालिकाको बहुआयामिक विकास गर्ने शैक्षिक केन्द्र सम्झनु पर्छ।

र) **"अनुमति"** भन्नाले सङ्घीय/स्थानीय सरकारले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको वा कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

ल) **"स्वीकृति"** भन्नाले तोकिएबमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार र प्रदेश सरकार समेतको मापदण्डको आधारमा गाउँपालिकाले विद्यालय सञ्चालन गर्न दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

व) **"तोकिएको" वा "तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका; नियमावली र कार्याविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

श) **"शिक्षा समिति"** भन्नाले दफा १८ बमोजिम गठित गाउँ शिक्षा समिति सम्झनु पर्छ।

ष) **"नमूना विद्यालय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाले नमूना विद्यालय भनी घोषणा गरेको विद्यालय सम्झनु पर्छ।

स) **"प्राविधिक शिक्षा"** भन्नाले नेपाल सरकारको मापदण्ड अनुसारका खोलिएका प्राविधिक विद्यालय वा अनुमति लिई सरकारको एक पालिका एक प्राविधिक विद्यालयबाट दिइने शिक्षा सम्झनु पर्छ।

ह) **"उच्च शिक्षा"** भन्नाले सङ्घीय शिक्षा ऐन अन्तर्गत विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी स्थापना भएका शैक्षिक संस्थाबाट प्राप्त हुने शिक्षा बुझिन्छ।

## परिच्छेद—२
## विद्यालय स्थापना, समायोजन तथा खारेजीसम्बन्धी व्यवस्था

**३. सामुदायिक विद्यालय स्थापना गर्न सक्नेः** (१) भौगोलिक अवस्थिति, जनसङ्ख्याको बनावट र नक्शाङ्कनको आधारमा गाउँकार्यपालिकाले सामुदायिक विद्यालय स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय स्थापना गर्दा देहायबमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः

(क) भौगोलिक अवस्थिति र जनसङ्ख्याको बनावटका आधारमा विद्यालय नक्शाङ्कन सम्बन्धी कार्य गर्ने।

(ख) विद्यालय सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गर्ने।

(ग) गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले विद्यालय स्थापना गर्ने।

(३) गाउँपालिका भित्रका युवालाई स्वरोजगार र व्यवसायिक बनाउन तोकिए बमोजिम मदन भण्डारी प्राद्योदिक महाविद्यालय सञ्चालन र व्यवस्थापन गर्ने।

४. **सहकारी विद्यालय स्थापना गर्न सक्नेः** (१) शिक्षासम्बन्धी कार्य गर्ने उद्देश्यसहित स्थापना भएका सहकारीले विद्यालय वा शिक्षण संस्था स्थापना गर्न चाहेमा त्यस्तो सहकारी संस्थालाई गाउँकार्यपालिकाले तोकिए बमोजिमको प्रक्रिया अपनाई सहकारी विद्यालय सञ्चालन गर्ने स्वीकृति प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको सहकारी विद्यालयले प्रचलित कानुन बमोजिमको सीमाभन्दा बढी मुनाफा वितरण गर्न पाउने छैन।

५. **सामुदायिक शैक्षिक गुठी विद्यालय वा शिक्षण संस्था स्थापना र सञ्चालन गर्न सक्नेः** (१) सामुदायिक शैक्षिक गुठीले निजी मुनाफा वितरण नगर्ने गरी सामुदायिक शैक्षिक गुठी विद्यालय स्थापना र सञ्चालन गर्न चाहेमा तोकिए बमोजिम गाउँकार्यपालिकाले सामुदायिक शैक्षिक गुठी विद्यालय स्थापना र सञ्चालन गर्ने स्वीकृति प्रदान गर्न सक्नेछ।

(२) सामुदायिक शैक्षिक गुठी विद्यालय स्थापनाको लागि गाउँपालिका समक्ष निवेदन पेश गर्दा संघीय कानुनमा व्यवस्था भए बमोजिम स्वीकृत गुठीको विधान समेत संलग्न राख्नु पर्नेछ।

६. **संस्थागत विद्यालय, सहकारी वा सार्वजनिक गुठी विद्यालयमा रुपान्तरित हुन सक्ने** (१०) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थागत विद्यालयहरु सहकारी विद्यालय वा सामुदायिक शैक्षिक गुठी विद्यालयमा रुपान्तरण हुन चाहेमा गाउँपालिका समक्ष आवेदन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदन परेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले तोकिए बमोजिम संस्थागत विद्यालयलाई सहकारी वा सामुदायिक शैक्षिक गुठी विद्यालयमा रुपान्तरण गर्नेछ।

७. **विद्यालयले पालना गर्नुपर्ने शर्तहरुः** (१) विद्यालयले सङ्घीय र प्रदेश कानुनले तोकेको शर्तको अतिरिक्त देहायका शर्तहरु पालना गर्नु पर्नेछ।

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्ने। नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम एवम् पाठ्यपुस्तक बाहेक थप पाठ्यसामग्री पठनपाठन गर्न परेमा गाउँ शिक्षा अधिकारीसँग अनुमति लिनुपर्ने।

(ख) राष्ट्रियताप्रति आँच आउने पाठ्य सामग्री भएका पाठ्यपुस्तक विद्यालयमा अध्यापन गर्न गराउन नहुने।

(ग) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आयव्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको नियमित जानकारी गराउने।

(घ) विद्यार्थीको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप लगायत अन्य क्रियाकलापहरु सञ्चालन गर्ने।

(ङ) गाउँपालिकाबाट प्राप्त निर्देशन पालना गर्ने र गाउँपालिकाले तोकेको ढाँचामा निर्धारित समय भित्रै तथ्याङ्कहरु उपलब्ध गराउने।

(च) विद्यालयमा आवश्यक पूर्वाधार र जनशक्ति कायम राख्नु पर्ने।

(छ) सहकारी, सामुदायिक गुठी र संस्थागत विद्यालयमा प्रति कक्षा कम्तीमा १५ जना विद्यार्थी हुनु पर्ने ।

८. **सुरक्षण बापत धरौटी राख्नु पर्नेः** विद्यालय खोल्ने स्वीकृति लिँदा विद्यालय सञ्चालनको सुरक्षणबापत सहकारी विद्यालयको हकमा आधारभूत तहको कक्षा १-५ भए एक लाख, कक्षा १-८ भए दुई लाख र माध्यमिक तह भए तीन लाख रूपैया धरौटी राख्नुपर्नेछ।

तर सामुदायिक, संस्थागत विद्यालय र सामुदायिक गुठी विद्यालय स्थापना गर्दा धरौटी राख्नुपर्ने छैन।

९. **विद्यालय समायोजन एवम् एकीकरण गर्न र सार्न सक्नेः** (१) गाउँकार्यपालिकाले भौगोलिक अवस्था र विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्याको आधारमा २ वा २ भन्दा बढी विद्यालयहरु समायोजन एवम् एकीकरण गर्नेछ।

(२) कुनै विद्यालयमा प्रति कक्षा १० जना भन्दा कम विद्यार्थी भएमा वा दुई वा दुई भन्दा बढि विद्यालयले विद्यालय समायोजनका लागि समुदायको सहमतिसहितको संयुक्त निवेदन दिएमा त्यस्ता विद्यालयहरुलाई नजिकैको अर्को विद्यालयमा समायोजन एवम् एकीकरण गरिने छ।

तर कुनै विद्यालय समायोजन हुँदा गाभिएको विद्यालयका विद्यार्थीहरु अर्को विद्यालयमा जान भौगोलिक दुरी टाढा भएको वा खोला तरेर जानु पर्ने अवस्था रहेको वा जंगल पार गरी जानुपर्ने अवस्था रहेको वा अन्य यस्तै कुनै कारणले विद्यालयसम्मको पहुँच सहज नभएमा त्यस्तो विद्यालय समायोजन गरिने छैन।

(३) विद्यालय समायोजन एवम् एकीकरण गर्दा सिङ्गै विद्यालय वा विद्यालयको कुनै तह वा कुनै कक्षा मात्र समायोजन एवम् एकीकरण गर्न सकिने छ।

(४) यस दफा बमोजिम समायोजन एवम् एकीकरण भएको विद्यालयको सम्पत्तिको व्यवस्थापन गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुने छ।

(५) संस्थागत विद्यालय सामुदायिक विद्यालयमा समायोजन एवम् एकीकरण भएमा त्यस्ता संस्थागत विद्यालयको चल अचल सम्पत्ति गाउँपालिकाले खरिद गर्न वा विद्यालय गाभिन आए बापत गाउँपालिकाले संस्थागत विद्यालयलाई प्रोत्साहन प्रदान गर्न सक्ने छ। त्यसरी सामुदायिक र संस्थागत विद्यालय समायोजन गर्दा संस्थागत विद्यालयको सम्पत्तिको मूल्याङ्कन गरी सिफारिस गर्न कार्यपालिकाले कार्यदल बनाउनेछ।

(६) गाउँकार्यपालिकाले एक स्थानमा स्थापना भई सञ्चालनमा रहेको विद्यालयलाई गाउँ शिक्षा समितिको सिफारिसमा अर्को स्थानमा सार्न सक्नेछ।

(७) विद्यालय समायोजन एवम् एकीकरण र विद्यालय सार्नेसम्बन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

१०. **कक्षा थप गर्न सक्नेः** (१) गाउँपालिका क्षेत्रभित्र शिक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले शिक्षा समितिको निर्णयबाट कुनै विद्यालयमा कक्षा थप गर्न सकिने छ।

तर त्यसरी कक्षा थप गर्दा एक बर्षमा एउटा मात्र कक्षा थप गर्न सकिनेछ।

(२) यसरी कक्षा वा तह थप गर्दा तोकिएको योग्यता अनुसारको प्रधानाध्यापक, विषयगत शिक्षक र विद्यार्थी संख्या थाक्रे गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान तथा विद्यालयलाई गाउँपालिकाबाट शिक्षण सहयोग अनुदान प्रदान गर्नेसम्बन्धी कार्यविधि २०७६को नियम ४.४ अनुसार हुनुपर्नेछ।

(३) दफा ९ बमोजिम समायोजन एवम् एकीकरण भएका विद्यालय वा कक्षा घटाइएका विद्यालयमा विद्यार्थी सख्या वृद्धि भइ कक्षा थप गर्नुपर्ने भएमा शिक्षा समितिले त्यस्ता विद्यालयमा कक्षा थप गर्न सक्नेछ।

**११. विद्यालय खारेजी वा बन्द गर्न सक्नेः** (१) गाउँ कार्यपालिकाले देहायको अवस्थामा विद्यालय खारेज गर्न वा अनुमति वा स्वीकृति रद्द गर्न वा विद्यालय बन्द गर्न सक्नेछ।

(क) विद्यालयमा विद्यार्थी सङ्ख्या सङ्घीय, प्रदेश कानुन वा यस ऐनमा तोके बमोजिम भन्दा कम भएमा

(ख) विद्यालयले पालना गर्नुपर्ने शर्त पालना नगरेमा

(ग) सहकारी विद्यालय सञ्चालन गर्ने सहकारी संस्था खारेजीमा वा कारबाहीमा परेमा

(घ) सामुदायिक गुठी विद्यालय सञ्चालन गर्ने गुठी खारेजीमा वा कारबाहीमा परेमा

(२) उपदफा (१) बमोजिम खारेजीमा परेका विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका विद्यार्थीहरुलाई अन्य विद्यालयमा पढाई निरन्तरताको व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ।

**१२. समावेशी तथा विशेष शिक्षासम्बन्धी व्यवस्थाः** (१) सबै नागरिकलाई अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्न अपाङ्गता भएका बालबालिकाहरू र आर्थिक, सामाजिक र सांस्कृतिक रुपले पिछडिएका वर्गलाई साधारण विद्यालयमा उनीहरूको सिकाई आवश्यकता सम्बोधन हुने गरी समावेशी शिक्षाको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष स्याहार, हेरचाह आवश्यक पर्ने र सिकाइ सामग्री, विधि तथा प्रविधि पनि अलग्गै चाहिने प्रकृतिका अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षा प्रदान गर्न सकिनेछ।

(३) अपाङ्गता भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री, शिक्षण सिकाई विधि तथा प्रविधि र मूल्याङ्कन प्रणालीमा विशेष व्यवस्था गर्न सकिनेछ।

(४) अपाङ्गता भएका बालबालिकाहरुलाई अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवासीय सुविधा सहितको विशेष विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ।

**१३. अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षासम्बन्धी व्यवस्था**

१) गाउँपालिकाले विद्यालयमा भर्ना भइ अध्ययन गर्न नसक्ने बालबालिकाका लागि अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षा कार्यक्रमहरु सञ्चालन गरी सबैका लागि अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्नुपर्ने छ।

(२) माध्यमिक शिक्षाको सर्वसुलभता र गुणस्तर अभिवृद्धिका लागि प्रत्यक्ष साक्षात्कारमा आधारित विद्यालय शिक्षाको परिपूरक वा समानान्तर कार्यक्रमका रुपमा खुला तथा दूर शिक्षा सञ्चालन गर्न सकिने छ।

(३) खुला तथा दूर शिक्षा, अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

**१४. सामुदायिक सिकाइ केन्द्रसम्बन्धी व्यवस्थाः** (१) गाउँकार्यपालिकाले पुस्तकालय, अनौपचारिक तथा आजीवन शिक्षा कार्यक्रम, आयमूलक कार्यक्रम, सीपमूलक तालिम, जनचेतनामूलक कार्यक्रम समेत सञ्चालन गर्न सक्ने गरी सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन अनुमति प्रदान गर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको क्षेत्राधिकार स्वत विस्तार भएको मानिनेछ।

(३) पुस्तकालय, अनौपचारिक तथा आजीवन शिक्षा कार्यक्रम, आयमूलक कार्यक्रम, सीपमूलक तालिम, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले गाउँपालिका क्षेत्रभित्र सञ्चालित निकाय वा सङ्घ

वा संस्थालाई गाउँकार्यपालिकाले उपदफा (१) बमोजिमको सामुदायिक सिकाइ केन्द्रमा समायोजन गर्न वा गाभ्न सक्नेछ।

(४) सामुदायिक सिकाइ केन्द्रले यस ऐनमा तोकिएको पूर्वाधार पुरा गरी शिशु स्याहार केन्द्र समेत सञ्चालन गर्न सक्ने छ।

(५) सामुदायिक सिकाइ केन्द्रसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५. शिक्षाको माध्यम भाषाः** (१) गाउँपालिकाभित्रका विद्यालयमा शिक्षाको माध्यम भाषा सङ्घीय कानुन बमोजिम हुने छ।

(२) स्थानीय विषयको माध्यम भाषा थाक्रे गाउँपालिका क्षेत्रभित्र बोलिने स्थानीय मातृभाषा हुन सक्ने छ। त्यस्तो स्थानीय मातृभाषामा अध्यापन गर्न चाहने विद्यालयलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिले अनुमति दिने छ।

(३) नेपाली कला, सस्कृति, सामजिक अध्ययन जस्ता विषय नेपाली राष्ट्रभाषाको माध्यमबाट अध्यापन गर्न प्राथमिकता दिनु पर्ने छ।

(४) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुने छ।

**१६. प्रारम्भिक बालविकास केन्द्रसम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले आवश्यकताका आधारमा प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्नेछ। त्यसरी प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्दा प्रत्येक विद्यालयमा कम्तीमा एउटा प्रारम्भिक बालबिकास केन्द्र रहने गरी व्यवस्था गरिनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि प्रारम्भिक बालविकास केन्द्र भन्नाले निजी लगानीमा सञ्चालन भएका पूर्व प्राथमिक कक्षालाई समेत जनाउँछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्नु अघि गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरूको नक्शाङ्कन गरी आवश्यकताका आधारमा समायोजन तथा पुनर्वितरण गर्न सक्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका र यो ऐन बमोजिम स्थापना भई सञ्चालन हुने प्रारम्भिक बालविकास केन्द्रलाई नेपाल सरकार र प्रदेश सरकारले उपलब्ध गराएको स्रोत साधनको अतिरिक्त गाउँपालिकाले समेत आवश्यक साधन स्रोत उपलब्ध गराउने छ।

तर निजी लगानीमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि सरकारी लगानी गरिने छैन।

(४) प्रारम्भिक बालविकास केन्द्रमा अध्यापन तथा सहजीकरण गर्ने शिक्षकको न्यूनतम् योग्यता सङ्घीय कानुनमा तोकिए बमोजिम हुने छ।

(५) प्रारम्भिक बालविकास केन्द्रमा चार वर्ष उमेर नपुगेका बालबालिकाहरुलाई भर्ना गर्नु हुँदैन। प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भई निरन्तर सिकाइ र विकासका क्रियाकलापमा सहभागी भएका बालबालिकाहरु पाँच बर्ष पुरा भएपछि अनिवार्य रुपमा कक्षा एकमा भर्ना गराउनु पर्ने छ।

(६) प्रारम्भिक बालविकास केन्द्रमा प्रति कक्षा १५ जना बालबालिका राख्ने व्यवस्था मिलाउनु पर्नेछ। प्रारम्भिक बाल कक्षामा भर्ना भएका बालबालिका निर्धारित सङ्ख्या भन्दा पचास प्रतिशतभन्दा बढी भएमा सेक्सन थप गर्नु पर्नेछ।

(७) प्रारम्भिक बालकक्षामा सहजीकरणका लागि प्रति कक्षा एक जना सहजकर्ताको व्यवस्था गर्नु पर्नेछ।

(८) प्रारम्भिक बालकक्षाका सहजकर्ताहरुलाई गाउँपालिकाले प्रचलित कानुनमा तोकिए बमोजिमको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी पारिश्रमिक उपलब्ध गराउने छ।

(९) विद्यालयले प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्दा छुट्टै परिसर वा कक्षाकोठामा त्यस्तो केन्द्र सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(१०) प्रारम्भिक बालविकास केन्द्रमा तोकिए बमोजिम पूर्वाधार कायम राख्नुपर्नेछ।

**१७. शिशु स्याहार केन्द्रसम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले प्रारम्भिक बाल विकास तथा शिक्षामा सहभागी हुने भन्दा कम उमेरका बालबालिकाहरुलाई बालविकास र हेरचाहमा सहयोग पुऱ्याउने गरी शिशु स्याहार केन्द्र स्थापना गर्न सक्नेछ।

(२) कुनै व्यक्ति, सहकारी वा शैक्षिक गुठीले शिशु स्याहार केन्द्र स्थापना गर्न चाहेमा गाउँपालिकाले तोकिए बमोजिम शिशु स्याहार केन्द्र स्थापना गर्ने अनुमति दिन सक्नेछ।

(३) शिशु स्याहार केन्द्रमा कम्तीमा देहायको पूर्वाधार तथा जनशक्ति हुनु पर्नेछः

(क) एक जना शिशु स्याहार सहजकर्ता

(ख) शिशु हेरचाहका लागि एक जना आया

(ग) कक्षाकोठा

(घ) आराम गर्न ओछ्यान सहितको कक्ष

(ङ) खेल सामग्रीहरु

(४) यस दफा बमोजिमको शिशु स्याहार केन्द्र सञ्चालनका लागि अभिभावकको लगानी परिचालन गर्न सकिने छ।

## परिच्छेद ३
## शिक्षा समिति तथा गाउँ शिक्षा अधिकारीसम्बन्धी व्यवस्था

**१८. शिक्षा समितिको गठनः** (१) गाउँपालिकाको शिक्षासम्बन्धी नीति निर्धारण तथा गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शिक्षण संस्थाहरुको रेखदेख, समन्वय, व्यवस्थापन र अनुगमन समेतका कार्य गर्नका लागि देहाय बमोजिमको शिक्षा समिति रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष वा सो काम गर्न तोकिएको व्यक्ति -अध्यक्ष

(ख) गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ग) गाउँपालिकाको क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेको एकजना -सदस्य

(घ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनीत एकजना दलित र दुईजना महिला सहित तीनजना -सदस्य

(ङ) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(च) गाउँपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गतासम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनीत गरेको एकजना -सदस्य

(छ) गाउँ शिक्षा अधिकारी -सदस्य-सचिव

(२) गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र नेपाल शिक्षक महासंघको प्रतिनिधिलाई उपदफा (१) बमोजिमको समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेrtछ।

(३) मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

तर मनोनित सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा वा बिना जानकारी लगातार ३ वटा बैठकमा अनुपस्थित रहेमा निजलाई मनोनयन गर्ने पदाधिकारी वा समितिले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। त्यसरी हटाउनु अघि सफाइ पेश गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन।

(४) गाउँ शिक्षा समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(५) कुनै कारणले शिक्षा समितिका मनोनित सदस्यको पद रिक्त भएमा त्यस्तो पदमा पहिले जुन तरिकाबाट मनोनयन गरिएको हो सोही बमोजिम मनोनित गर्नु पर्नेछ।

**१९. शिक्षा समितिको बैठकसम्बन्धी कार्यविधिः** (१) गाउँ शिक्षा समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ। गाउँ शिक्षा समिति बैठकमा सहभागी भए बापत गाउँपालिकाको प्रचलित नियमअनुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ।

२) गाउँ शिक्षा समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

३) गाउँ शिक्षा समितिको बैठकमा प्रस्ताव उपरका निर्णयहरू सर्वसम्मत वा बहुमतले निर्णय गर्नेछ।

४) गाउँ शिक्षा समितिको बैठकको माइन्युट बैठकको अध्यक्षता गर्ने पदाधिकारीले प्रमाणीकरण गरी राख्नु पर्नेछ।

५) गाउँ शिक्षा समितिको बैठकको एजेण्डा बैठक शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै जानकारी गराउनु पर्नेछ।

६) गाउँ शिक्षा समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

**२०. शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) शिक्षासम्बन्धी गाउँस्तरीय नीति तथा योजना निर्माण गर्ने र गाउँसभाबाट स्वीकृत नीति तथा योजना कार्यान्वयन गर्ने गराउने।

ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय स्थापना र कक्षा थप गर्ने सम्बन्धमा अनुमति तथा स्वीकृति प्रदान गर्ने तथा विद्यालय सार्ने, गाभ्ने, कक्षा घटाउने, विद्यालय बन्द गराउने र नाम परिवर्तन गर्ने सम्बन्धमा आवश्यकता र औचित्यसहित गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने।

ग) विद्यालय तथा शिक्षण संस्थाहरुका लागि आवश्यक आर्थिक तथा मानवीय स्रोतको खोजी तथा परिचालन गर्ने गराउने,

घ) विद्यालयहरुको लेखा परीक्षकको पारिश्रमिक निर्धारण गर्न,

ङ) सामुदायिक विद्यालय सवलीकरणका लागि रणनीति तयार गरी कार्यान्वयन गर्ने गराउने,

च) विद्यालयको आवश्यकता एवम् औचित्यता समेत हेरी तहगत र विषयगत आधारमा सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान गर्ने,

छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने र शिक्षाको गुणस्तर अभिवृद्धिका लागि क्रियाशील बनाउने,

ज) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षा तथा मूल्याङ्कनसम्बन्धी गतिविधिहरु व्यवस्थित, मर्यादित र विद्यार्थीमैत्री बनाउने सम्बन्धमा मार्गदर्शन गर्ने,

झ) विद्यालयको सम्पत्तिको सुरक्षा गर्ने र गर्न लगाउने,

ञ) शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने; तदानुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म राम्रो नतिजा नल्याउने विद्यालय तथा शिक्षकलाई सचेत गराउने र अपेक्षित सुधार नआएमा कारबाही गर्ने,

ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने,

ठ) गाउँस्तरीय खेलकुद, स्काउट, सांस्कृतिक कार्यक्रम, शैक्षिक प्रदर्शनी, रेडक्रस जस्ता कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

ण) विद्यालय, शिक्षण संस्था र शिक्षासँग सम्बद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने,

त) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक, गुठी, सहकारी र नीजि विद्यालयहरु बीच स्वस्थ प्रतिस्पर्धा गराई गुणस्तर विकासका लागि साझेदारी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने,

थ) संस्थागत विद्यालय नियमन तथा व्यवस्थापनको लागि मापदण्ड बनाउने, सञ्चालनको स्वीकृती र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

द) सामुदायिक सिकाई केन्द्र, पुस्तकालय र वाचनालय स्थापना र सञ्चालनसम्बन्धी नीति निर्धारण गर्ने,

ध) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि योजना निर्माण र कार्यान्वयन गर्ने,

न) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने,

प) शिक्षक पेसागत विकास, क्षमता अभिवृद्धि र तालिमसम्बन्धी नीति निर्धारण गरी लागु गर्ने,

फ) गाउँपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

ब) विद्यालयहरुलाई कार्यसम्पादनमा आधारित अनुदान, सशर्त अनुदान प्रदान गर्ने सम्बन्धमा आधार तथा कार्यप्रक्रिया निर्धारण गर्ने,

भ) विद्यालयका शिक्षक तथा कर्मचारीलाई प्रोत्साहन सहित स्वेच्छिक अवकासको प्रबन्ध गर्ने,

म) अनौपचारिक शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा तथा आजीवन सिकाइसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न,

य) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन. मूल्याङ्कन र नियमन गर्ने,

र) सामुदायिक विद्यालयको शैक्षिक पुर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गर्ने,

ल) विद्यालयमा न्यूनतम विपद् व्यवस्थापन पूर्वतयारीको व्यवस्थापन गर्ने।

**२१. गाउँ शिक्षा अधिकारीः** (१) गाउँपालिकाको शिक्षासम्बन्धी काम हेर्नका लागि गाउँ शिक्षा अधिकारी रहनेछ।

(२) गाउँ शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क) गाउँस्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने, गराउने,

ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने,

ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने।

घ) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सहयोग गर्ने,

ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तद्अनुसार पुरस्कार तथा दण्डको लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

च) आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने र विद्यालय तहको सिकाइ उपलब्धी मापन गरी समीक्षा गर्ने,

छ) सार्वजनिक, गुठी, सहकारी र संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको अभिलेख राख्ने,

ज) विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गराउने,

झ) विद्यालयको लेखापरीक्षण गर्न लेखापरीक्षकहरुको नियुक्ति गर्ने,

ञ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

ट) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने,

ठ) शिक्षकको तलबी प्रतिवेदन पारितका लागि आवश्यक कार्य गर्ने,

ड) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने र गाउँ शिक्षा समितिबाट प्रत्यायोजित कार्यहरु गर्ने, गराउने।

ढ) गाउँ कार्यपालिका र गाउँ शिक्षा समितिले तोकेबमोजिमका अन्य कार्य गर्ने।

ण) नेपाल सरकार र प्रदेश सरकारबाट निर्धारण भएका कानुन, नीति तथा मापदण्डहरु कार्यान्वयन गर्ने गराउने।

त) गाउँपालिकाको शिक्षा विकासका लागि अन्य आवश्यक कार्यहरु गर्ने।

## परिच्छेद -४
## विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घसम्बन्धी व्यवस्था

**२२. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठनः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन समेतका लागि देहाय बमोजिमको विद्यालय व्यवस्थापन समिति रहने छः

(क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा दुई जना महिला सहित चार जना — सदस्य

(ख) विद्यालय रहेको स्थानीय तहको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना सदस्य — सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमका सदस्यहरूले उपदफा (१) को खण्ड (क) (ख) वा (ग) मध्येबाट छनोट गरेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(३) विशेष शिक्षा वा विशेष शिक्षाको स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति र अपाङ्गता भएका व्यक्तिहरुको उत्थान एवम् विकासका लागि कार्य गरेका व्यक्तिहरु मध्येबाट एक/एक जना सदस्य व्यवस्थापन समितिले थप गर्नु पर्नेछ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा बालक्लवको प्रतिनिधि (छात्राहरू मध्येबाट एक जना र छात्रहरु मध्येबाट एक जना गरी दुई जना) र बालक्लव गठन नभएको अवस्थामा उच्चतम कक्षाको उत्कृष्ट अंक ल्याउने एक जना छात्रा र एक जना छात्रलाई आमन्त्रित गर्न सकिने छ।

(५) विद्यालय व्यवस्थापन समिति गठन तथा सञ्चालन गर्ने जिम्मेवारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा र शिक्षा समितिको हुनेछ।

(६) विद्यालय व्यवस्थापन समितिको म्याद सकिएको मितिले एक महिनाभित्र अर्को समिति गठन गरिसक्नु पर्नेछ। त्यसरी एक महिना भित्र पनि विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा गाउँपालिकाको पहलमा त्यस्तो विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन गर्नेछ।

(७) उपदफा (१) को खण्ड (क) बमोजिम अभिभावकमध्येबाट छानी पठाउने प्रयोजनका लागि अभिभावक भेला बोलाउनु पर्नेछ। त्यस्तो भेलाको सञ्चालन एवम् सहजीकरणका लागि गाउँ शिक्षा अधिकारीको संयोजकत्वमा सम्बन्धित वडा अध्यक्ष र विद्यालयका प्रधानाध्यापक सदस्य रहने गरी ३ सदस्यीय छनौट सहयोग समिति रहनेछ।

(८) विद्यालय व्यवस्थापन समिति गठन र कार्यसञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२३. गुठी विद्यालय, सहकारी विद्यालय र संस्थागत विद्यालय व्यवस्थापन समिति गठनः** (१) निजी लगानी/गुठी वा सहकारी विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायबमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछः—

(क) विद्यालय संस्थापक वा लगानीकर्ताहरू मध्येबाट विद्यालयको सिफारिसमा गाउँ शिक्षा अधिकारीले मनोनीत गरेको व्यक्ति — अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट एकजना महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुई जना— सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँपालिका अध्यक्षले मनोनीत गरेको एकजना — सदस्य

(घ) गाउँ शिक्षा अधिकारीले तोकेको शिक्षा हेर्ने कर्मचारी एक जना — सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना — सदस्य

(च) विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

**२४. विद्यालय व्यवस्थापन समितिको कार्यकालः** (१) विद्यालय व्यवस्थापन समितिको कार्यकाल तीन वर्षको हुनेछ।

(२) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा मनोनीत सदस्यले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा वा यस ऐन तथा प्रचलित कानुन विपरीत कार्य गरेमा वा खराब आचरण गरेमा वा बिना सूचना तीन पटकसम्म समिति बैठकमा अनुपस्थित रहेमा सोको कारण खुलाई गाउँ शिक्षा समितिले छानबिन गरी त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि अध्यक्ष वा मनोनीत सदस्यलाई आफ्नो सफाई पेश गर्ने मुनासिब मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अध्यक्ष वा मनोनीत सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि अर्को व्यक्तिलाई यस ऐनमा तोकिएको प्रक्रियाबाट छनौट वा मनोनयन गर्न सकिनेछ।

(४) विद्यालय व्यवस्थापन समितिले विद्यालयको हित विपरित कुनै काम गरेमा वा आर्थिक अनियमितता गरेमा वा सामुदायमा शान्ति, सुरक्षामा खलल पर्ने कुनै काम गरेमा वा यस ऐन विपरित हुने गरी कुनै कार्य गरेमा त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई गाउँ शिक्षा समितिले विघटन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएको तीन महिनाभित्र विद्यालय व्यवस्थापन समिति गठन गर्नु पर्नेछ। त्यस्तो विद्यालय व्यवस्थापन समिति गठन नभएसम्मका लागि तत्काल कार्य सञ्चालनका लागि वडाध्यक्षको संयोजकत्वमा शिक्षक प्रतिनिधि र प्रधानाध्यापक रहेको तदर्थ समिति गठन हुनेछ।

(६) उपदफा (५) बमोजिमको तदर्थ समितिले अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्मको लागि कार्य सञ्चालन गर्नेछ।

**२५. विद्यालय व्यवस्थापन समितिको बैठकसम्बन्धी कार्यविधिः**

(१) विद्यालय व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) विद्यालय व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ। त्यस्तो अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) विद्यालय व्यवस्थापन समितिको बैठकको एजेण्डा सबै पदाधिकारीलाई बैठक हुनुभन्दा चौबिस घण्टा अगावै जानकारी गराउनुपर्छ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठक अध्यक्षको निर्देशन बमोजिम सदस्य सचिवले बोलाउनेछ।

(५) विद्यालय व्यवस्थापन समितिको बैठकको माइन्युट अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ।

**२६. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) विद्यालय विकासका लागि नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने, गराउने,

(ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समिति वा गाउँ शिक्षा अधिकारीलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नियमानुसार खटिइ आएका शिक्षक तथा विद्यालय कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(छ) शिक्षा, युवा तथा खेलकुद शाखाले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन स्थानीय तहमा पेश गर्ने,

(झ) संघीय सरकार, प्रदेशिक सरकार र गाउँपालिकाले दिएको निर्देशनहरूको पालना गर्ने,

(ञ) विद्यालयमा नियमित कक्षा सञ्चालन व्यवस्था मिलाउने,

(ट) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनमा सहजीकरण गर्ने,

(ठ) शिक्षाको गुणस्तर अभिवृद्धि गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) विद्यालयको सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने।

(२) सहकारीबाट सञ्चालित, सामुदायिक शैक्षिक गुठी वा संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ख) नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयले स्वीकृत गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागु गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरू पढाउन आवश्यक देखिएमा गाउँपालिकाबाट स्वीकृति लिने,

(ग) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुनबमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने,

(घ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षक तथा कर्मचारीलाई तलब, भत्ता र प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षाको व्यवस्था गर्ने,

(ङ) अनुशासनहीन शिक्षक तथा कर्मचारी उपर कारबाही गर्ने,

(च) संघीय सरकार, प्रदेशिक सरकार र गाउँपालिकाले दिएको निर्देशनहरूको पालना गर्ने,

(छ) लेखापरीक्षण प्रतिवेदन उपर तत्काल आवश्यक कारबाही गर्ने र लेखापरीक्षण प्रतिवेदन गाउँपालिकामा पेश गर्ने,

(ज) आर्थिक कारोबार पारदर्शी ढंगले बैंकमार्फत गर्ने, गराउने,

(झ) विद्यालय सञ्चालनका लागि साधन र स्रोतको परिचालन गर्ने,

(ञ) विद्यालयका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने,

(ट) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले आयोजना गरेका कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

(ड) संघीय, प्रादेशिक, गाउँ शिक्षा ऐन तथा नियमावलीमा र अन्य प्रचलित कानुनको पालना गर्ने गराउने।

(ढ) शिक्षा समितिबाट स्वीकृत शुल्क सीमाको अधीनमा रही विद्यालयमा शुल्क निर्धारण गर्ने,

(ण) शिक्षक तथा कर्मचारी र विद्यार्थीको आचारसंहिता बनाई लागु गर्ने,

(त) विद्यालय तथा विद्यार्थीको हितका निम्ति अन्य आवश्यक कार्य गर्ने, गराउने।

**२७. शिक्षक अभिभावक संघ रहनेः** (१) विद्यालयका शिक्षक अभिभावकबीच सहकार्य, व्यवस्थापनमा सहयोग तथा शैक्षिक गुणस्तर सम्बन्धी आवश्यक राय परामर्श प्रदान गर्नका लागि प्रत्येक विद्यालयमा विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरु रहेको शिक्षक अभिभावक सभा रहनेछ।

(२) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्न विद्यालयलाई सहयोग जुटाउने कार्यमा शिक्षक अभिभावक सभाले सहयोग गर्नेछ।

**२८. शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकारः**

(१) शिक्षक अभिभावक सभाको कार्यकारी भूमिका निर्वाह गर्नका लागि देहायका सदस्यहरु रहेको एक शिक्षक अभिभावक संघ रहनेछः

क) विद्यालयका अभिभावकले आफूहरु मध्येबाट छनोट गरी पठाएको व्यक्ति - अध्यक्ष

ख) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवि, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका कम्तीमा एक जना महिला र एक दलित वा सीमान्तकृत समुदायका व्यक्तिसहित तीन जना- सदस्य

ग) विद्यालय रहेको वडाको वडा समितिले तोकेको एकजना वडा सदस्य - सदस्य

घ) शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको कम्तिमा एकजना महिला सहित तीन जना - सदस्य

ङ) प्रधानाध्यापकले तोकेको शिक्षक एक जना - सदस्य सचिव

(२) शिक्षक अभिभावक सघको बैठकमा बालक्लवको प्रतिनिधि (छात्राहरू मध्येबाट एक जना र छात्रहरु मध्येबाट एक जना गरी दुई जना) र बालक्लव गठन नभएको अवस्थामा उच्चतम कक्षाको उत्कृष्ट अङ्क ल्याउने एक जना छात्रा र एक जना छात्रलाई आमन्त्रित गर्न सकिने छ।

(३) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (१) बमोजिमको अध्यक्ष वा सदस्यहरुको पद रिक्त भएको एक महिना भित्र छनोट वा मनोनयन हुन नसकेमा गाउँ शिक्षा समितिले त्यस्तो पदमा मनोनयन गर्न बाधा पर्ने छैन।

(५) शिक्षक अभिभावक सङ्घको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने।

(ख) विद्यालयको भौतिक, शैक्षिक, आर्थिक र व्यवस्थापकीय पक्षहरुको सामाजिक परिक्षण गर्ने।

(ग) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने।

(घ) विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने।

(ङ) विद्यालय व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(च) विद्यालयको विकासको लागि आमा समूह, युवा क्लब, सास्कृतिक समूह, बालक्लब, महिला समूह लगायतका समुदायमा सक्रिय समूहहरु परिचालन गर्ने।

(छ) विद्यालयमा उत्पादन इकाइ सञ्चालनका लागि आवश्यक कार्य गर्ने।

## परिच्छेद - ५
## विद्यालयका शिक्षक तथा कर्मचारीसम्बन्धी व्यवस्था

**२९. शिक्षक दरवन्दी निर्धारण गर्नेः** (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकको दरबन्दी थाक्रे गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान तथा विद्यालयलाई गाउँपालिकाबाट शिक्षण सहयोग अनुदान प्रदान गर्नेसम्बन्धी कार्यविधि २०७६ बमोजिम हुनेछ।

(२) प्रति कक्षा १० जनाभन्दा कम विद्यार्थी भएका विद्यालयमा गाउँ शिक्षा समितिको सिफारिसमा विद्यालयले कक्षा १ देखी ५ सम्ममा बहुकक्षा बहुस्तर शिक्षण व्यवस्था मिलाउनु पर्नेछ।

**३०. शिक्षक तथा कर्मचारीको सेवा, सर्त, सुविधा, योग्यता र सक्षमताः** (१) शिक्षक सेवा, सर्त, सुविधा, योग्यता र सक्षमता सम्बन्धी व्यवस्था सङ्घीय सरकार, प्रदेश सरकार र गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(२) गाउँपालिकाले कार्यसम्पादन तथा विद्यार्थीले प्राप्त गरेको नतिजाका आधारमा शिक्षकलाई प्रोत्साहनस्वरुप सुविधा थप गर्न सक्नेछ।

**३१. अध्यापन अनुमति पत्र लिनु पर्नेः** (१) संघीय कानुनबमोजिम अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाबाट व्यवस्थापन गरिएका शिक्षकहरूको हकमा साथै प्राविधिक धारतर्फका विषयहरूमा करार शिक्षक नियुक्ति गर्ने प्रयोजनमा अध्यापन अनुमति पत्र प्राप्त भएका व्यक्ति उपलब्ध हुन नसकेको अवस्थामा अध्यापन अनुमति पत्र नलिएको व्यक्ति करार शिक्षक पदमा उम्मेदवार हुन सक्नेछन्।

**३२. शिक्षक तथा कर्मचारीको पदीय आचरणसम्बन्धी व्यवस्थाः** (१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाउन सकिने छ :

(क) तोकिएबमोजिमको पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले विद्यालय सञ्चालनका लागि तोकिएको समयमा अन्यत्र अध्यापन वा अन्य कुनै काम वा कुनै व्यावसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा,

(च) आफूले अध्यापन गरेको विषयमा लगातार तीन वर्ष सम्म गाउँ शिक्षा समितिले तोकेको न्यूनतम् सिकाइ उपलब्धि हासिल गराउन नसकेमा।

(च) स्थायी आवासीय अनुमति लिएमा

(छ) भ्रष्टाचार गरेमा

(२) उपदफा (१) बमोजिम कुनै शिक्षक वा कर्मचारीलाई कार्यरत पदवाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**३३. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने** (१) दफा ३२ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक वा कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम सेवामा पुनः बहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पुरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ।

**३४. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने**

नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा बिना सूचना अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन।

**३५. स्थायी आवासीय अनुमति लिन नहुने**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन। यसरी कुनै शिक्षकले स्थायी आवासीय

अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको पाइएमा निजलाई सेवाबाट बर्खास्त गरिनेछ।

**३६. शिक्षक छनौटसम्बन्धी व्यवस्थाः** (१) विद्यालयमा रिक्त दरबन्दी, राहत अनुदान, गाउँपालिका अनुदान, सङ्घीय तथा प्रदेश अनुदानमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी वा अन्य कुनै पदका लागि करार शिक्षक र प्रारम्भिक बालविकास सहजकर्ताको छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ।

क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

ख) गाउँ शिक्षा अधिकारी वा निजले तोकेको कर्मचारी- सदस्य

ग) करार शिक्षक छनोट समितिले मनोनित गरेको विषय विशेषज्ञ दुई जना - सदस्य

घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

तर रिक्त शिक्षक पदको विज्ञापनमा एक जनामात्र उम्मेदवार परेको अवस्थामा खण्ड (ग) बमोजिमका विशेषज्ञ एक जनामात्र मनोनित गर्न बाधा पर्ने छैन।

(२) शिक्षक छनौट सम्बन्धी सम्पूर्ण कार्य-विज्ञापनदेखि सिफारिससम्म गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ।

(३) उपदफा १ को खण्ड (घ) को प्रयोजनका लागि गाउँ शिक्षा अधिकारीले देहाय बमोजिमको योग्यता भएका स्थायी शिक्षकहरुमध्येबाट विज्ञको सूची अद्यावधिक गराई राख्नेछ।

(क) गाउँपालिका भित्र कार्यरत शिक्षक

(ख) आधारभूत तहका लागि शिक्षा शास्त्रमा स्नातक उत्तीर्ण गरेको र माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको

(ग) कम्तीमा सम्बन्धित तहमा स्थायी नियुक्ति पाएको।

(४) उपदफा (३) बमोजिमको विषय विज्ञ उपलब्ध नभएमा शिक्षा विकास तथा समन्वय इकाइमा सूचीकृत विज्ञलाई विषय विज्ञबाट करार शिक्षक छनौट गरिनेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञान, गणित, व्यवसायिक प्रकृतिका ऐच्छिक विषयहरु र प्राविधिक शिक्षातर्फका प्राविधिक विषयहरुको कार्यालय सञ्चालन तथा लेखाजस्ता प्राविधिक प्रकृतिका विषयको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण स्थायी शिक्षक उपलब्ध हुन नसकेको अवस्थामा स्नातक उत्तीर्ण शिक्षक वा प्रशिक्षकलाई समेत विशेषज्ञको रूपमा सूचिकृत गर्न सकिनेछ।

(६) शिक्षक सेवा आयोगबाट निर्धारण भएको पाठ्यक्रमका आधारमा करार शिक्षक छनौटको परीक्षा सञ्चालन गर्नु पर्नेछ।

(७) करार शिक्षक छनोट परीक्षा सञ्चालन प्रक्रिया तथा करार शिक्षक छनोट समितिको बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(८) उपदफा (१) को खण्ड (घ) बमोजिमको विषय विशेषज्ञ छनोट गर्दा उपलब्ध सूचीबाट करार शिक्षक छनौट समितिद्वारा गर्नु पर्नेछ।

**३७. शिक्षकको सरुवाः** (१) सरकारी स्वीकृत दरवन्दीमा कार्यरत सम्बन्धित शिक्षकको निवेदन, शिक्षकको तह, श्रेणी र विषय मिल्ने अवस्थामा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार गाउँ शिक्षा

अधिकारीले सम्बन्धित शिक्षकलाई सरुवा गर्न शिक्षा, विकास तथा समन्वय इकाइमा सिफारिस गर्न सक्नेछ।

(२) कुनै शिक्षक सम्बन्धित विद्यालयमा रहदा विद्यालयको शैक्षिक गतिविधिमा वा सम्बन्धित शिक्षकको पेशामा गम्भीर असर परेको विद्यालय व्यवस्थापन समितिले ठहर गरी सिफारिस गरेमा शिक्षा, युवा तथा खेलकुद शाखाले अनुगमन गरी सरूवा गर्न मनाशिव कारण देखिएमा गाउँ शिक्षा समितिको निर्णयानुसार नियमानुसार सरूवा वा सरूवाको लागि सिफारिस गर्न सकिनेछ। तर यसरी सरुवा गर्नु अघि सम्बन्धित शिक्षकलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(३) नियुक्त भएको मितिले १ वर्ष पुरा नभएको र अनिवार्य अवकास हुन १ वर्ष बाँकी रहेको शिक्षकलाई सामान्यतया सरूवाको लागि सिफारिस दिने छैन।

**३८. शिक्षक दरबन्दी मिलान**

(१) गाउँपालिका भित्र कार्यरत दरबन्दी, राहत, करार शिक्षकहरू मध्ये ५ वर्ष वा सो भन्दा बढी समय एउटै विद्यालयमा कार्यरत रहेको शिक्षकहरूलाई निज शिक्षकको सहमति तथा तहगत र विषयगत व्यवस्थापनमा नखल्बलिने गरि दुवै विद्यालयका व्यवस्थापन समितिको सिफारिसमा दरबन्दी मिलान शिक्षा समितिबाट गरिनेछ।

(२) शिक्षक दरबन्दी मिलान २/२ वर्षमा एकमुष्ट रुपमा शैक्षिक सत्रको शुरू वा अन्त्यमा मात्र गर्न सकिनेछ।

(३) शिक्षक दरबन्दी मिलान गर्दा महिला, अपाङ्गता भएका शिक्षकहरूलाई सम्बन्धित शिक्षकको सहमति बिना अपायक हुने गरी दरबन्दी मिलान गरिने छैन।

(४) माथिल्लो योग्यता भएका तल्लो तहमा कार्यरत शिक्षकहरूलाई दरबन्दी मिलान गर्दा माथिल्लो तह सञ्चालित विद्यालयमा प्राथमिकता दिइनेछ।

(५) संघीय र प्रदेश अनुदानमा रहेका शिक्षकलाई दरबन्दी मिलान गर्दा सम्बन्धित विद्यालयलाई शिक्षक कोटा घाटा नहुने गरि गरिनेछ।

**३९. शिक्षकको स्थायी नियुक्ति र बढुवासम्बन्धी व्यवस्थाः** (१) हालका स्वीकृत दरवन्दीमा शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवासम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ।

(२) गाउँपालिकाको अनुदान कोटामा नियुक्त शिक्षक वा शिक्षण स्वयमसेवकहरुको सेवा, सर्त, सुविधा र बढुवासम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

**४०. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्थाः** (१) शिक्षकलाई सङ्घीय, प्रादेशिक तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ।

(२) सामुदायिक विद्यालयका शिक्षकहरूलाई शिक्षण सीप, मूल्याङ्कन, ICT को प्रयोगसम्बन्धी एक हप्ताको पुनर्ताजगी तालिम बाह्य संस्था वा गाउँपालिकाको आफ्नै स्रोतमा विद्यालयको पठनपाठन समयमा असर नपर्ने गरी हरेक वर्ष सञ्चालन गरिनेछ।

**४१. शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा कुनै कारणले विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा सङ्घीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउन बाधा परेको मानिने छैन।

## परिच्छेद ६

## प्रधानाध्यापक र सहायक प्रधानाध्यापकसम्बन्धी व्यवस्था

४२. **विद्यालयमा प्रधानाध्यापक रहने:** १) प्रत्येक सामुदायिक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम काज गर्न एक प्रधानाध्यापक रहनेछ ।

२) प्रधानाध्यापकसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क) सामुदायिक माध्यमिक विद्यालयको प्रधानाध्यापकको लागि स्नातकोत्तर उपाधि प्राप्त गरेको स्थायी मध्ये वरिष्ठ शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ र शिक्षा, युवा तथा खेलकुद शाखाले उक्त निर्णयलाई अनुमोदन गर्ने सक्नेछ ।

ख) उपदफा २ (क) अनुसार नभएमा योग्यता पुगेका शिक्षकहरुमध्ये क्रमशः माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहको स्थायी दरबन्दीमा कार्यरत शिक्षक मध्ये विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ र गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ ।

ग) आधारभूत तह कक्षा पाँचसम्म सञ्चालित विद्यालय भए कम्तीमा माध्यमिक तह उत्तीर्ण वा सो सरह उत्तीर्ण भएको, आधारभूत तह कक्षा आठ सम्म सञ्चालित विद्यालय भए स्नातक तह वा सो सरह उत्तीर्ण गरेको, आधारभुत तहको स्थायी शिक्षकको रुपमा कम्तीमा पाँचवर्ष शिक्षण अनुभव भएको आधारभूत तहको माथिल्लो श्रेणीको वरिष्ठ शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ र शिक्षा, युवा तथा खेलकुद शाखाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ ।

घ) उपदफा २ (क), (ख) र (ग) अनुसार नभएमा विद्यालयमा कार्यरत सरकारी कोषबाट सेवासुविधा प्राप्त गर्ने र योग्यता पुगेका शिक्षकहरु मध्ये विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ र शिक्षा, युवा तथा खेलकुद शाखाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ।

ङ) दफा २ को उपदफा (घ) अनुसार नभएमा आधारभूत तहको स्थायी, अस्थायी वा राहत दरबन्दीमा रहेको तीन वा पाँच कक्षासम्म सञ्चालित विद्यालय भए कक्षा बाह्र वा सो सरह उत्तीर्ण भएको आधारभूत तह आठ कक्षासम्म सञ्चालित विद्यालय भए स्नातक तह उत्तीर्ण शिक्षकमध्ये विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ र शिक्षा, युवा तथा खेलकुद शाखाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ।

३) उपदफा (२) वमोजिम पाँचवर्षको लागि प्रधानाध्यापक नियुक्ति हुनु पूर्व निजबाट नियमावलीमा तोकिए बमोजिमको ढाँचामा विद्यालय विकास प्रस्ताव लिई विद्यालय व्यवस्थापन समितिसँग पाँच वर्षको लागि कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ।

४) प्रधानाध्यापक नियुक्तिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५) निमित्त प्रधानाध्यापकसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६) शिक्षकको वरिष्ठता निर्धारण देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधार,

(ख) खण्ड क अनुसार वरियता नछुट्टिए अस्थायी शिक्षकहरुको हकमा अस्थायी नियुक्ति मिति वा राहत शिक्षकहरुको हकमा राहत नियुक्ति मिति वा सिफारिस योग्यता क्रमको आधार

४६. **संस्थागत, सहकारी र गुठी विद्यालयको प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) संस्थागत, सहकारी र गुठी विद्यालयको प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा अधिकारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापक सिफारिस गर्दा दफा ३६ मा तोकिएको योग्यता पुगेका व्यक्तिहरुमध्येबाट मात्र सिफारिस गर्नु पर्नेछ।

४७. **प्रधानाध्यापकलाई जिम्मेवारीबाट हटाउन सक्नेः** (१) प्रधानाध्यापक छनौट तथा नियुक्ति हुँदाका बखत पेश गरेको विद्यालय विकास प्रस्ताव एवम् योजना बमोजिम सन्तोषजनक रुपमा कार्य नगरेको प्रमाणित भएमा वा विद्यालयको हित विपरितको कार्य गरेमा वा आर्थिक अनियमितता गरेमा वा यो ऐन विपरितको कार्य गरेको प्रमाणित भएमा वा विद्यार्थीको न्यूनतम सिकाइ उपलब्धि स्तर हासिल गराउन वा कायम राख्न नसकेमा विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा अधिकारीको सिफारिसका आधारमा शिक्षा समितिले निजलाई प्रधानाध्यापकको जिम्मेवारीबाट हटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापकलाई जिम्मेवारीबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्न पाउने अबसरबाट वञ्चित गरिने छैन।

४८. **प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः** (१) विद्यालयको प्राज्ञिक तथा व्यवस्थापकीय नेतृत्व गर्नु, दैनिक प्रशासन सञ्चालन गर्नु र विद्यालयको बृहत्तर हितका लागि कार्यक्रम कार्यान्वयन गर्नु गराउनु प्रधानाध्यापकको कर्तव्य एवम् दायित्व हुनेछ।

(२) प्रधानाध्यापकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४९. **सहायक प्रधानाध्यापक रहन सक्नेः** (१) सामुदायिक विद्यालयमा प्राज्ञिक तथा प्रशासनिक कार्यमा प्रधानाध्यापकलाई सहयोग गर्न एक जना सहायक प्रधानाध्यापक रहनेछ।

(२) विद्यालयमा प्रधानाध्यापकको अनुपस्थितिमा सहायक प्रधानाध्यापकले निमित्त प्रधानाध्यापकको रुपमा जिम्मेवारी वहन गर्नेछ।

(३) विद्यालयमा कार्यरत शिक्षकहरूमध्येबाट शिक्षक तथा कर्मचारी बैठकको सिफारिसको आधारमा विद्यालय व्यवस्थापन समितिले वरिष्ठ शिक्षकलाई सहायक प्रधानाध्यापकमा नियुक्ति गर्नेछ।

## परिच्छेदः ७

## विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार र सम्पत्तिसम्बन्धी व्यवस्था

५०. **भौतिक पूर्वाधार संरचनाः** (१) प्रचलित कानुन बमोजिम विद्यालय स्थापना र सञ्चालन गर्दा विद्यालय सञ्चालन गर्नु अघि आवश्यक भवन, कक्षाकोठा, शौचालय, खेलमैदान, खानेपानी, फर्निचर लगायत भौतिक पूर्वाधार संरचनाको व्यवस्था गर्नु पर्नेछ।

(२) विद्यालय वा शिक्षण संस्थाको भौतिक पूर्वाधार तथा मापदण्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) विद्यालयले विद्यार्थीलाई प्राथमिक उपचार, सामान्य स्वास्थ्य परीक्षण, मनोपरामर्श सेवा उपलब्ध गराउनका लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ।

**५१. प्रयोगशाला वा कार्यशालाः** (१) माध्यमिक विद्यालयमा आवश्यक सामग्री एवम् उपकरणसहितको विज्ञान, गणित, कम्प्यूटर तथा विषयगत प्रयोगशालाको व्यवस्था गर्नु पर्नेछ।

(२) आधारभूत विद्यालयमा विज्ञान, गणित लगायत अन्य विषयमा प्रयोगात्मक कार्य गराउनका लागि आवश्यक प्रयोगशालाको व्यवस्था गर्नु पर्नेछ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरेका विद्यालयमा उपयुक्त कार्यशाला (वर्कसप) को व्यवस्था गर्नु पर्नेछ।

**५२. सूचना प्रविधिको सुविधा** : (१) गाउँपालिका भित्रका विद्यालयहरुमा शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि इन्टरनेटको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा विद्यालय वा शिक्षण संस्थामा कार्यरत शिक्षक वा कर्मचारी, अध्ययनरत विद्यार्थीले मापदण्ड तथा आचरणको परिधिभित्र रही निःशुल्क प्रयोग गर्न पाउने व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रविधिमा आधारित सिकाइ संस्कार विकासका लागि माध्यमिक विद्यालयमा इ पुस्तकालयको व्यवस्था गर्नु पर्ने छ।

**५३. विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालयकै नाममा रहने छ। सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुनबमोजिम भोग चलन गर्नसक्ने छ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुने छ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको हुने छ।

(४) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सामुदायिक सम्पत्ति मानिनेछ। यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्तिको संरक्षण एवम् व्यवस्थापन वडा समितिको सिफारिसमा गाउँपालिकाले गर्ने छ।

(५) सामुदायिक शैक्षिक गुठी विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। त्यस्तो विद्यालयको सम्पत्ति सामुदायिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(६) सहकारी संस्थाबाट सलित सञ्चालित विद्यालयको सम्पत्ति प्रचलित सहकारी कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

(७) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(८) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्ने छ। तर विदेशी व्यक्ति वा सङ्घ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि प्रचलित सङ्घीय कानुन बमोजिम नेपाल सरकारबाट पूर्व स्वीकृति लिनुपर्ने छ।

(९) सामुदायिक विद्यालय र सामुदायिक गुठी विद्यालयको सम्पत्ति बेचबिखन गर्न पाइने छैन। संस्थागत र सहकारी विद्यालयले चल अचल सम्पत्ति बेचबिखन गर्दा शिक्षा समितिको अनुमति लिनुपर्नेछ।

## परिच्छेद ८

## पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था

**५४. पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्नेः** (१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्नु पर्नेछ। तर स्थानीय पाठ्यक्रमको हकमा गाउँ शिक्षा समितिबाट स्वीकृत पाठ्यक्रम लागु गर्नु पर्नेछ।

(२) कुनै विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यपुस्तक बाहेकका पाठ्यपुस्तक तथा पाठ्यसामग्री लागु गर्न चाहेमा प्रचलित कानुन बमोजिम पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सूचीमा सूचीकृत सामग्री मात्र लागु गर्नु पर्नेछ।

(३) सामुदायिक विद्यालयले प्रत्येक शैक्षिक सत्रमा विद्यार्थी भर्ना हुनासाथ एक एक सेट पाठ्यपुस्तक विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ। सोका लागि गाउँपालिकाले चैत्र मसान्तभित्र पाठ्यपुस्तक बापतको तोकिएको रकम विद्यालय खातामा निकासा गरिसक्नु पर्नेछ।

**५५. स्थानीय पाठ्यक्रम निर्माण एवम् कार्यान्वयन गर्नेः** (१) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम ढाँचा अनुरुप गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नेछ। त्यसरी स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय भाषा, संस्कृति, कला तथा आर्थिक सामाजिक विकाससम्बन्धी विषयलाई प्राथमिकता दिनु पर्नेछ।

(२) शिक्षा समितिले स्थानीय पाठ्यक्रम स्वीकृत गरेपछि विद्यालयमा कार्यान्वयनमा लैजानु पर्नेछ।

(३) कृषि, पर्यटन तथा व्यवसायिक शिक्षालाई स्थानीय पाठ्यक्रम भित्र समावेश गर्न सकिने छ।

(४) स्थानीय पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास गरी प्रयोगमा ल्याउनु पर्नेछ। त्यसरी स्थानीय विषयको पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोगमा ल्याउनु अघि शिक्षा समितिबाट स्वीकृत हुनु पर्नेछ।

**५६. विद्यार्थी मूल्याङ्कन गर्नु पर्नेः** (१) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम ढाँचा तथा विद्यालय शिक्षाको पाठ्यक्रम अनुरुप विद्यार्थी मूल्याङ्कन गर्नु पर्नेछ।

(२) विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी विद्यालयको हुनेछ। विद्यालय शिक्षामा निरन्तर मूल्याङ्कन तथा सुधारात्मक शिक्षण पद्धति अवलम्बन गर्नु पर्नेछ।

(३) माध्यमिक तहको बाह्य मूल्याङ्कन तथा अन्तिम परीक्षा सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय र प्रदेश कानुन बमोजिम हुनेछ।

**५७. परीक्षा समिति रहनेः** (१) आधारभूत शिक्षा परीक्षा तथा गाउँपालिका स्तरीय परीक्षा समेतलाई मर्यादित र व्यवस्थित तरिकाले सञ्चालन एवम् व्यवस्थापन गर्न देहाय बमोजिमको एक परीक्षा समिति रहनेछ।

(क) गाउँ शिक्षा अधिकारी —अध्यक्ष

(ख) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट प्र अ बैठकबाट छनौट भएको एक जना महिला सहित तीन जना -सदस्य

(ग) आधारभूत र माध्यमिक प्रत्येक तहबाट प्रतिनिधित्व हुने गरी विद्यालयका शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित कम्तिमा एक जना महिला सहित दुई जना शिक्षक —सदस्य

(घ) गाउँ शिक्षा अधिकारीले तोकेको शिक्षा शाखाको कर्मचारी एक जना —सदस्य सचिव

(२) परीक्षा समितिका मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ। निजहरुको कार्यसम्पादन सन्तोषजनक नभएमा मनोनित गर्ने निकाय वा पदाधिकारीले जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन।

(३) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) परीक्षा समितिको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ।

(५) परीक्षा समितिको बैठकमा परीक्षासम्बन्धी कार्यमा सम्बद्ध गाउँ शिक्षा समितिको पदाधिकारी, विषय विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(६) परीक्षा समितिको अध्यक्षको अनुपस्थितिमा जेष्ठ सदस्यले परीक्षा समितिको अध्यक्ष भई कार्य सम्पादन गर्नेछ।

**५८. गाउँपालिका स्तरीय परीक्षासम्बन्धी अन्य व्यवस्थाः** परीक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि र गाउँपालिका स्तरीय परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–९
## लेखा तथा लेखापरीक्षणसम्बन्धी व्यवस्था

**६०. विद्यालय विकास कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा देहायबमोजिमका स्रोतबाट प्राप्त रकम सोही कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, लेखापालन र लेखा परीक्षण
तोकिए बमोजिम हुनेछ।

**६१. अनुदानसम्बन्धी व्यवस्थाः** (१) यो ऐन प्रारम्भ हुँदाको बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको मापदण्डको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिने छ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) गाउँपालिका क्षेत्रभित्र सञ्चालित कुनै पनि शिक्षण संस्थालाई अनुदान उपलब्ध गराउन सक्नेछ।

**६२. विद्यालयको लेखा व्यवस्थापनः** (१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालयका लागि प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने कर्मचारी तथा आधारभूत विद्यालयका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्ने छ।

(३) विद्यालयको लेखा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**६३. लेखा परीक्षण गर्नुपर्नेः** (१) विद्यालयले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको दोस्रो त्रैमासिक भित्र गाउँ शिक्षा अधिकारीबाट नियुक्त रजिष्टार्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) विद्यालयबाट प्राप्त लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको एक महिनाभित्र गाउँ शिक्षा समितिमा पेस गर्नुपर्ने छ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र लेखापरीक्षण नगराउने विद्यालयको निकाशा रोक्का गर्न सकिनेछ।

६४. **सामाजिक परीक्षण गर्नुपर्नेः** (१) प्रत्येक वर्ष विद्यालयले विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सम्बन्धमा सामाजिक परीक्षण गराइ सो को प्रतिवेदन अभिभावक भेलामा सार्वजनिक गर्नुपर्नेछ।

(२) विद्यालयको सामाजिक परीक्षण शिक्षक अभिभावक सङ्घले गर्नेछ।

(३) विद्यालयको सामाजिक परीक्षणका लागि आवश्यक कागजात तथा विवरणहरु उपलब्ध गराउनु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

(४) सामाजिक परीक्षण प्रतिवेदनमा उल्लेखित सुझावहरुको कार्यान्वयन गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

## परिच्छेद १०
## विद्यार्थी कल्याण तथा छात्रवृत्तिसम्बन्धी व्यवस्था

६५. **विद्यार्थी कल्याण कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) गाउँपालिकाले विद्यालयमा भर्ना भएका विद्यार्थी टिकाउ एवम् सिकाइ निरन्तरताका लागि दिवा खाजा, स्टेसनरी सामग्री, पोशाक, छात्रवृत्ति लगायत विद्यार्थी कल्याण कार्यक्रम सञ्चालन गर्नेछ।

(२) विद्यार्थी कल्याण कार्यक्रम सञ्चालन गर्दा आर्थिक रुपमा विपन्न, लोपोन्मुख, सिमान्तकृत, दलित, आदिवासी जनजाती समुदायका विद्यार्थीहरुलाई प्राथमिकता दिनु पर्नेछ।

६६. **संस्थागत, सहकारी र सामुदायिक गुठी विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) संस्थागत, सहकारी र सामुदायिक गुठी विद्यालयले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐनले निर्धारण गरेबमोजिम देहायअनुसारको सङ्ख्यामा नघट्ने गरी तोकिएबमोजिम जेहेन्दार, अति विपन्न, अपाङ्गता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(क) ५०० जनासम्म विद्यार्थी भएका विद्यालयले कूल सङ्ख्याको १० प्रतिशत

(ख) ८०० जनासम्म विद्यार्थी भएका विद्यालयले कूल सङ्ख्याको १२ प्रतिशत

(ग) ८०० जनाभन्दा बढी विद्यार्थी भएका विद्यालयले कूल सङ्ख्याको १५ प्रतिशत

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयका प्रधानाध्यापक, गाउँ शिक्षा प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ।

(३) छात्रवृत्ति छनौट समितिले नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको मापदण्ड भित्र रही विद्यार्थी छनौटका लागि थप आधार, सर्त र प्रक्रिया तयार गरी सोही विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्नेछ।

(४) संस्थागत, सहकारी र सामुदायिक गुठी विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृत्तिको विवरण शिक्षा शाखामा पेश गर्नुपर्ने छ।

## परिच्छेद ११

## शुल्क तथा आर्थिक सहायतासम्बन्धी व्यवस्था

**६७. निःशुल्क शिक्षा प्रदान गर्नुपर्नेः** (१) आधारभूत तथा माध्यमिक शिक्षा प्रचलित सङ्घीय कानुन बमोजिम निःशुल्क हुनेछ।

(२) यो ऐन प्रारम्भ भएपछि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

**६८. विद्यालयलाई आर्थिक सहायता गर्न सक्नेः** (१) कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

(२) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर सुधारका लागि अभिभावकले आर्थिक सहयोग गर्न सक्नेछन्।

**६९. संस्थागत, सहकारी र सामुदायिक शैक्षिक गुठी विद्यालयले लिन पाउने शुल्कः** (१) संस्थागत, सहकारी र सामुदायिक गुठी विद्यालयले शिक्षा समितिले तोकेको सीमाको अधीनमा रहेर शुल्क लिन पाउनेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ।

(२) संस्थागत, सहकारी र सामुदायिक गुठी विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही तहको अर्को कक्षामा सोही नाममा कुनै किसिमको शुल्क लिन पाइने छैन।

(३) संस्थागत, सहकारी र सामुदायिक गुठी विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँ शिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ।

(४) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँ शिक्षा अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनेछ।

(५) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई शिक्षा समितिले जरिवाना गर्नसक्ने छ।

## परिच्छेदः १२

## विद्यालय सुपरिवेक्षण र अनुगमनसम्बन्धी व्यवस्था

**७०. विद्यालय सुपरिवेक्षण गर्नेः** (१) विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा सुशासन प्रवर्द्धनका लागि गाउँपालिकाले विद्यालय सुपरिवेक्षण गर्नेछ।

(२) विद्यालय सुपरिवेक्षणसम्बन्धी अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोकिए बमोजिम हुनेछ।

**७१. अनुगमन तथा मूल्याङ्कनः** (१) विद्यालयको भौतिक, शैक्षिक, आर्थिक र व्यवस्थापकीय पक्षमा निरन्तर सुधारका लागि गाउँपालिकाले अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्नु पर्नेछ।

(२) शिक्षा समितिले जुनसुकै समयमा विद्यालयको अनुगमन गर्न र निर्देशन दिन सक्नेछ। यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु विद्यालयको कर्तव्य हुनेछ।

७२. **विवरण उपलब्ध गराउने र प्रतिवेदन पेश गर्नेः** (१) विद्यालयले विद्यार्थी तथा शिक्षक, विद्यालयको भौतिक, शैक्षिक, आर्थिक र व्यवस्थापकीय पक्षसँग सम्बन्धित विवरणहरु गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ।

(२) विद्यालयले आर्थिक कारोबार तथा बार्षिक कार्यक्रमको प्रगति प्रतिवेदन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले तोके बमोजिमको ढाँचा र समयमा सो शाखामा पेश गर्नु पर्नेछ।

(३) यस दफा बमोजिमको विवरण तथा प्रतिवेदन समयमै पेश नगर्ने प्रधानाध्यापकलाईगाउँ शिक्षा अधिकारीले कारबाही गर्न सक्नेछ।

## परिच्छेद १३
## दण्ड सजायँसम्बन्धी व्यवस्था

७३. **दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई गाउँपालिकाको न्यायिक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्ने छ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिम सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृतिबेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) अनुमति नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्शसेवा, ब्रिज कोर्स, ट्युसन, कोचिङ्ग सेन्टर, कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) कानुन विपरीतको अन्य कार्य गरेमा।

(३) कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर न्यायिक समिति वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।

७४. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुनबमोजिम पुनरावेदन लाग्नेछ।

## परिच्छेद १४
## विविध

७५. **विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा गाउँपालिकाले तोकेको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिनसक्ने छ।

**७६. अनुमति वा स्वीकृति रद्द गर्न सक्नेः** निजी लगानीका विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा अनुमति वा स्वीकृति प्रदान गर्ने सरकार वा निकाय वा पदाधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ।

तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**७७. विद्यालयको स्तर निर्धारण र श्रेणीकरणः** (१) विद्यालयहरु बीच प्रतिस्पर्धात्मक क्षमता विकास गरी गुणस्तर अभिवृद्धि गर्न सङ्घीय सरकारको शिक्षासम्बन्धी विषय हेर्ने मन्त्रालयले निर्धारण गरेको मापदण्डको आधारमा गाउँपालिकाले विद्यालयको स्तर निर्धारण र श्रेणीकरण गरी सार्वजनिक गर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालयको स्तर निर्धारणको मापदण्ड नतोकिएको अवस्थामा शिक्षा समिति आफैले आफै मापदण्ड र प्रक्रिया निर्धारण गरी विद्यालयको स्तरीकरण गर्न सक्नेछ।

(३) विद्यालयको स्तर निर्धारण र श्रेणीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**७८. विद्यालयलाई सिकाइ मैत्री तथा सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्ने तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई शान्तिक्षेत्र कायम गरी सिकाइमैत्री तथा सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिकाइमैत्री तथा सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालन गर्नु पर्ने शर्त तथा मापदण्ड शिक्षा समितिले तोकेबमोजिम हुनेछ।

**७९. गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्ने छ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**८०. सामुदायिक विद्यालयमा अनिवार्य अध्ययन गराउनु पर्नेः** (१) गाउँपालिकाका जनप्रतिनिधी, सम्पूर्ण कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक अभिभावक सङ्घका पदाधिकारी, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले आफ्ना बालबालिकालाई अनिवार्य सामुदायिक विद्यालयमा अध्ययन गराउनु पर्नेछ।

**८१. बालबालिकालाई शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः** (१) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

**८२. सुत्केरी सट्टा शिक्षकसम्बन्धी व्यवस्थाः** गाउँपालिका भित्र सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षकले सुत्केरी बिदा लिएको अवधिभर विव्यसको निर्णयमा सट्टा शिक्षक राखिनेछ। यस्तो शिक्षकको तलबभत्ता गाउँपालिकाबाट अनुदान शिक्षक सरह हुनेछ।

**८३. आवसीय विद्यालय तथा भाषा सङ्ग्राहालयसम्बन्धी व्यवस्थाः** (१) विद्यार्थी सङ्ख्या कम भइ विद्यालय समायोजन भएको कारणले भौगोलिक दुरी टाढा भई विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर हुने अवस्थामा गाउँ कार्यपालिकाको निर्णय अनुसार एक वडा एक आवसीय विद्यालयको व्यवस्था तोकिएबमोजिम स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) गाउँपालिका भित्र बोलिने विभिन्न भाषाको संरक्षण र प्रवर्द्धन गाउँपालिकाभित्र एउटा भाषा सङ्ग्रहालयको स्थापना गर्न सकिनेछ।

**८४. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

**८५. अभिभावक शिक्षा दिन सक्नेः** शिक्षामा पहुँच बिस्तार, विद्यार्थी टिकाउ र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गाउँपालिकाले अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नेछ।

**८६. विद्यालयमा उत्पादन एकाई बनाउन सक्नेः** (१) विद्यार्थीहरुलाई सिकाइसँगै उत्पादनमूलक कार्यमा सरिक गराउन विद्यालयमा उत्पादन एकाइ निर्माण गर्न सकिनेछ। त्यस्तो उत्पादन एकाइ निर्माणका लागि गाउँपालिकाले विद्यालयलाई अनुदान दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उत्पादन एकाइ सञ्चालन गर्दा विद्यालयले अभिभावक तथा स्थानीय सामुदायिक संस्थासँग सहकार्य गर्न सक्नेछ।

**८७. नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः** (१) यो ऐनको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाई लागु गर्न सक्नेछ।

(२) यो ऐन तथा यो ऐनको अधीनमा बनेको नियमावलीमा उल्लिखित व्यवस्थाहरु तथा शिक्षासम्बन्धी अन्य कुराहरु कार्यान्वयनमा ल्याउन गाउँ कार्यपालिकाले आवश्यक विषयमा निर्देशिका र कार्यविधि बनाई लागु गर्न सक्नेछ।

**८८. बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश गाउँसभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ।

**८९. खारेजी बचाउः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन।

(३) यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिँदै आएको सुविधामा कुनै किसिमको कटौति गरिने छैन तर यस व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय र कारबाही गर्न बाधा पर्ने छैन।

(४) यस ऐनमा उल्लेख भएका कुराहरु सङ्घीय र प्रादेशिक शिक्षा ऐनसँग बाझिएमा स्वतः खारेज हुनेछन्।

(५) यस अघि भएका काम कारबाही यसै ऐनबमोजिम भएको मानिनेछ।

**आज्ञाले,**
मान बहादुर बराल
प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणिकरण मितिः** **२०८०।११।३०**
**पृष्ठः ३६**